# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७८/०७/२९)*
*पुनः प्रकाशित मितिः २०७८/०९/०२*

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा भूमे गाउँपालिकाको **खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना २०७५** बमोजिम आ.व. ०७८/७९ मा तोकिएका वडा तथा टोलहरुलाई पूर्ण सरसफाई उन्मुख टोल घोषणाका लागि तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि योग्य संघ संस्थाहरुबाट शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलबन्दी प्रस्तावना पत्र आव्हान गरिएको छ ।

**तपसिलः**

१) चालु आर्थिक वर्षका लागि नवीकरण भएको दर्ता प्रमाण पत्र, आ.व. २०७७।०७८ को लेखापरीक्षण र कर चुक्ता भएको प्रमाणपत्र र संस्थागत प्रोफाइलका प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन/पत्र साथ रु. १०००।– (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी कार्यालयबाट प्रस्तावना पत्र प्राप्त गर्न सकिनेछ ।

२) खरिद भएका प्रस्तावना पत्रसाथ नोटरी प्रमाणित कर चुक्ता प्रमाण पत्र, दर्ता नवीकरण प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले सातौं दिनभित्र प्रस्तावना पत्र खरिद गरी आठौं दिनभित्र दिनको १२:०० बजेभित्र दर्ता गरिसक्नु पर्नेछ । सिलबन्दी प्रस्तावना पत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३) प्रस्तावना पत्र खरिद गर्ने वा खोल्ने दिन सार्वजनिक बिदाको दिन परेमा कार्यालय खुल्ने दिनको पहिलो दिन सोही समय अनुसार हुनेछ ।

४) म्याद नाघी र शर्त राखिएको प्रस्तावना पत्र उपर कुनै कारबाही हुने छैन । गाउँपालिकाको समग्र उद्देश्य हासिल र हितलाई ध्यानमा राखी कुनै प्रस्तावना पूर्ण वा आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

५) कार्यक्रम सम्बन्धी थप जानकारी तथा छनौट प्रक्रिया, गर्नुपर्ने क्रियाकलाप, काम गर्ने क्षेत्र, न्यूनतम् शर्त सम्बन्धमा थप जानकारीका लागि गाउँ कार्यपालिकाको वेबसाइट www.bhumemun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सरसफाई रणनीतिक कार्य योजना कार्यान्वयन | १४,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत